# Flowflex™ COVID-19 Antigen Home Test Package Insert


## तयारी

1.



हात धुनुहोस् वा सेनिटाइज गर्नुहोस्। परीक्षण सुरु गर्नु अघि हातहरू सुकेको सुनिश्चित गर्नुहोस्।

2.




निर्देशनहरू पढ्नुहोस्।

3.



किट भित्र सामग्रीहरू छन् भनेर सुनिश्चित गर्नुहोस्। क्यासेट थैलीमा छापिएको म्याद समाप्ति मिति जाँच गर्नुहोस्। यदि थैली बिग्रिएको वा खुला छ भने प्रयोग नगर्नुहोस्।

4.




थैली खोल्नुहोस् र क्यासेटमा परिणाम झ्याल र नमूना कुवा पत्ता लगाउनुहोस् ।

## भिडियो निर्देशन

## नमूना सङ्कलन

**SELF COLLECTION**



**COLLECTION BY AN ADULT**




१४ वर्ष वा माथिको व्यक्तिले नाकबाटआफै स्वाबमा नमूना संकलन गर्न सक्छ । २ देखि १३ वर्ष उमेरका बालबालिकाको परीक्षण वयस्कले गर्नुपर्छ।


## किट सामग्री




टेस्ट क्यासेट




निकासी बफर ट्यूब



डिस्पोजेबल नाक स्वाब



ट्यूब होल्डर (२५ परीक्षण किट भएको बट्टामा)



निर्देशन



टाइमर (सम्मिलित छैन)


## परिणाम व्याख्या

**नकारात्मक**





केवल नियन्त्रण रेखा (C) मात्र देखा पर्छ, परीक्षण रेखा (T) देखा पर्दैन। यसको मतलब कुनै SARS-CoV-2 एन्टिजेन पत्ता लागेन। नकारात्मक परीक्षण परिणामले COVID-19 को कुनै एन्टिजेनहरू फेला नपरेको संकेत गर्छ। यो परीक्षणले केही COVID-19 भएका व्यक्तिहरूमा गलत परिणाम (गलत नकारात्मक) पनि दिन सम्भव छ र नकारात्मक नतिजाहरू अनुमानित छन् र एक आणविक परीक्षणपछि मात्र पुष्टि गर्न आवश्यक हुन सक्छ। यसको मतलब यो परीक्षण नकारात्मक भए तापनि तपाइँलाई सम्भवतः अझै पनि COVID-19 हुन सक्छ। यदि तपाइँको परिणाम नकारात्मक आयो र तपाईंले लक्षणहरू अनुभव गरिरहेको छ वा लक्षणहरू अझ गम्भीर हुन्छन् भने, कृपया आफ्नो स्वास्थ्य सेवा प्रदायकसंग सल्लाह गर्नुहोस्। आफ्नो स्वास्थ्य सेवा प्रदायकसँग काम गर्दै आफैले चाल्नुपर्ने अर्को चरणहरू बुझ्न धेरै महत्त्वपूर्ण छ।

**सकारात्मक**




नियन्त्रण रेखा (C) र परीक्षण रेखा (T) दुबै देखिन्छन्। यसको मतलब SARS-CoV-2 एन्टिजेन पत्ता  लाग्यो।
नोट: परीक्षण रेखा (T) हल्का रूपमा देखा पर्यो भने, यसलाई सकारात्मक मान्नुपर्छ ।
सकारात्मक परीक्षण परिणामको अर्थ COVID-19 को एन्टिजेनहरू पत्ता लगाइएको हो, र यो धेरै सम्भावना छ कि तपाईलाई हाल COVID-19 रोग छ।
अरू व्यक्तिहरूमा यो भाइरस फैलिनबाट जोगिनको लागि आफूलाई अरूबाट अलग गर्नुहोस् र सकेसम्म चाँडो आफ्नो स्वास्थ्य सेवा प्रदायकसंग सल्लाह गर्नुहोस्। तपाइँको स्वास्थ्य सेवा प्रदायकले तपाइँको हेरचाह कसरी गर्ने भन्ने निर्धारण गर्न तपाईसँग काम गर्नेछ।

**अमान्य**





नियन्त्र रेखा (C) देखा पर्ना सफल भएन । अमान्य परिनाम को कारणहरू पर्याप्त नमूना मात्रा वा गलत सञ्चालन हुन सक्चन। निर्देशेंहरु पुन: समीक्ष्य गर्नुहोस् र नयाँ क्यासेतले परीक्षण दोहोर्याउनुहोस्। यदि समस्या कायम रहिरयो भने, सहायताको लागी (८००)८३८-९५०२ मा कल गर्नुहोस्।

# Flowflex™ COVID-19 Antigen Home Test Package Insert


# परीक्षण प्रक्रिया

1.




ट्यूबको माथिबाट फोईल हटाउनुहोस्।

2.




किटको बट्टामा छिद्रित गोलाकारमा थिच्दै ट्यूब होल्डर बनाउनुहोस्। ट्यूब होल्डरमा ट्यूब राख्नुहोस् । २५ परीक्षण किट भएको बट्टामा ट्यूब होल्डर प्रदान गरिएको छ।

3.




स्वाबको प्याकेजिङ लठ्ठी भएको छेउ बाट खोल्नुहोस्, कपास भएको टाउको नछुनुहोस्।

4.




एउटा नाकको प्वालमा स्वाबको टाउको १/२ देखि ३/४ इन्च बिस्तारै घुसाउनुहोस्। बच्चाहरूको साथ, नाकको प्वालमा घुसाउने अधिकतम गहिराई एक इन्च भन्दा कम हुन सक्छ, र बच्चाको टाउको समात्नको लागि दोस्रो व्यक्तिको आवश्यकता हुन सक्छ। नोट: यदि नाकबाट स्वाबमा नमूना ठीकसँग सङ्कलन गर्नु सकेन, भने गलत नकारात्मक परिणाम आउन सक्छ।

5.





नाक भित्रको पर्खालमा स्वाबलाई ५ पटक गोलाकार गतिमा घिसाउनुहोस्। लगभग १५ सेकेन्ड लगाएर नमूना सङ्कलन गर्नुहोस् । स्वाबमा नाकबाट आएको कुनै पनि जल निकासी सङ्कलन गर्नुहोस् । यसलाई अर्को नाकको प्वालमा दोहोर्याउनुहोस्।

6.




नाकबाट स्वाब हटाउनुहोस् र तुरुन्तै निकासी बफर ट्यूबमा राख्नुहोस्।
नोट: नमूनाहरूलाई सङ्कलन गरे पछि तुरुन्तै परीक्षण गर्नुहोस्, यदि कोठाको तापक्रममा रिएजेन्ट तरलघुल भण्डार गरिएको छ भने तपाईले स्वाब रिएजेन्ट तरलघुलमा थपे पछि एक घण्टा भन्दा बढी छैन।

7.





तुरुन्तै स्वाबलाई ट्यूबमा राखे पछि ३० सेकेन्डको लागि घुमाउनुहोस्।
नोट: यदि स्वाबलाई कम्तिमा ३० सेकेन्डको लागि घुमाइएको छैन भने, गलत नकारात्मक परिणाम आउन सक्छ।

8.




स्वाबलाई ५ पटक घुमाउदा, ट्युब निचोडनुहोस्।
नोट: यदि स्वाबलाई कम्तिमा ३० सेकेन्डको लागि घुमाइएको छैन भने गलत नकारात्मक परिणाम आउन सक्छ।

9.




ट्यूब निचोड गर्दै स्वाबलाई हटाउनुहोस्। रद्दीटोकरीमा स्वाबलाई फाल्नुहोस् ।

10.




ड्रपर टिपलाई ट्यूबमा बलियोसंग जोड्नुहोस्। राम्रोसँग ट्यूबलाई घुमाएर वा ट्यूबकोमुनि झटकाएर मिश्रण गर्नुहोस् ।

11.




ट्यूबलाई बिस्तारै निचोर्नुहोस् र नमूना कुवामा ४ थोपा तरल पदार्थ राख्नुहोस् । रद्दीटोकरीमा ट्यूबलाई फाल्नुहोस् ।
नोट: नमूना कुवामा ४ थोपा भन्दा कम तरल पदार्थ राखिएको खण्डमा गलत नकारात्मक वा अमान्य परिणाम आउन सक्छ।

12.




१५ मिनेटको लागि टाइमर सेट गर्नुहोस्। परिणाम १५ मिनेटमा पढ्नुपर्छ । 30 मिनेट पछि नपढ्नुहोस्। परीक्षण क्यासेट रद्दीटोकरीमा फाल्नुहोस्।
नोट: परीक्षणको परिणाम १५ मिनेट अगाडि वा ३० मिनेटपछि पढेमा गलत नकारात्मक वा गलत सकारात्मक नतिजा आउन सक्छ।